// बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

बाणगङ्गा, खण्डः १, भागः २, संख्याः १२ मितिः २०७४ साल चैत्र २८ गते

## भाग-२
## बाणगङ्गा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, कपिलबस्तु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बाणगङ्गा नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# पचास पचास प्रतिशत लागत सहभागितमा सडक कालोपत्रे कार्यक्रम संचालन कार्यविधि, २०७४

**प्रस्तावना**

नगरपालिका भित्र स्थानीय उपभोक्ता र नगरपालिका बीचमा पचास पचास प्रतिशतको लागि सहभागितामा सडक कालोपत्रे कार्यक्रम

संचालनका लागि लागि स्थानीय सरकार ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ बमोजिम यो **पचास पचास प्रतिशत लागत सहभागितामा सडक कालोपत्रे कार्यक्रम संचालन कार्यविधि, २०७४** तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## भाग १
### सक्षिप्त नाम र प्रारम्भ :

(क) यस मापदण्डको नाम **पचास पचास प्रतिशत लागत सहभागितामा सडक कालोपत्रे कार्यक्रम संचालन कार्यविधि, २०७४** रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

१. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस यस कार्यविधिमा,

१) "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

२) "नियमावली" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ । "आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ ।

३) "नगरपालिका" भन्नाले बाणगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

४) "नगर सभा" भन्नाले संविधानको धारा २२३(१) बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

५) "नगर कार्यपालिका" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिमको नगरकार्यपालिका सम्झनु पर्दछ ।

६) "समिति" भन्नाले पचास पचास प्रतिशतको लागत सहभागितामा संचालन गरिने सडक कालोपत्रे कार्यक्रमलाई व्यवस्थित गर्न यसै कार्यविधि बमोजिम गठन गरिएको समिति सम्झनुपर्दछ ।

७) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बाणगंगा नगरपालिकाको कार्यालयमा कार्यरत एनेको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

८) “लागत सहभागिता” भन्नाले स्थानीय उपभोक्ता वा टोल विकास संस्था वा अन्य संगठित समूहहरुको कम्तिमा पचास प्रतिशत लागत सहभागिता र बाँकी नगरपालिकाको लागत सहभागिता रहने बुझ्नु पर्दछ ।

२. **कार्यविधिको उद्देश्य**

यस कार्यविधिको उद्देश्य नगरपालिका क्षेत्र भित्र स्थानीय उपभोक्ता वा टोल विकास संस्था वा अन्य संगठित समूहहरुको कम्तिमा पचास प्रतिशत लागत सहभागिता र नगरपालिकाको लागत सहभागितामा प्रतिस्पर्धाका आधारमा सडक कालोपत्रे गर्नु रहको छ ।

## भाग–२
## कार्यक्रम तर्जुमा कार्यान्वयन र अनुगमन मुल्यांकन सम्बन्धी व्यवस्था

३. लागत सहभागितामा सडक कालोपत्रे गर्ने कार्यक्रमको सम्पूर्ण पक्षको मार्गदर्शन तथा योजनाको छनौटका लागि देहाय बमोजिमको एक समितिको गठन गरिनेछ ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) नगरपालिका उपप्रमुख - सदस्य

(ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिकाको पूर्वाधार विसका समितिको संयोजक - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

१) समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

२) समितिको नियमित वैठकमा नगरपालिकाका पूर्वाधार विकास समितिका पदाधिकारीहरु र अन्य सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

४. कम्तिमा पचास प्रतिशत लागत सहभागितामा सडक कालोपत्रे गर्नका लागि नगर सभा/नगरकार्यपालिकाले विनियोजन गरेको बजेटको सीमालाई आधार मानी समितिले योजना छनौट गर्नेछ ।

५. योजना छनौट गर्दा जुन उपभोक्ता समूहले कम्तिमा पचास प्रतिशत लागत सहभागिता जुटाइ नगरपालिकाको खातामा रकम जम्मा गरेको भौचर सहित कार्यक्रम माग गर्छ सो उपभोक्ता समूहलाई पहिलो प्राथमिकता दिइ क्रमशः योजना छनौट गरिनेछ ।

६. नगरपालिकाले आवश्यक ठानेमा लागत सहभागिताका योजनाहरु पेश गर्न स्थानीय समुदाय/उपभोक्ताहरुको लागि निश्चित अवधिको सूचना दिइ समयावधि तोक्न सक्नेछ ।

७. नगरपालिकामा कुनै एक आर्थिक बर्षमा विनियोजन भएको रकम अपुग भइ माग भए बमोजिमका योजना स्वीकृती दिन नसकिने भएमा प्राथमिकताका आधारमा क्रमशः आगामी आर्थिक बर्षमा विनियोजन गरिने बजेटबाट त्यस्ता योजनाका लागि बजेट विनियोजनको सुनिश्चितता गरिनेछ ।

८. लागत सहभागितामा सडक कालोपत्रे गर्दा कम्तिमा ४ मिटर चौडाइ सहित १०० मिटर भन्दा बढि लम्बाइ भएको सडकलाई मात्र छनौट गरिनेछ । साथै सडक कालोपत्रेसंगै नालि, स-साना कल्भर्ट, सडक पेटी निर्माण गर्नुपर्ने भएमा उक्त निर्माण कार्यहरु समेत सडक कालोपत्रेको एउटै प्याकेजमा भएको मानिनेछ ।

९. कार्यक्रमको छनौट गर्दा नगरसभाबाट पारित भएको योजनालाई प्राथमिकता दिइनेछ ।

१०. नगरपालिका कार्यालयबाट विस्तृत लागत अनुमान तयार गरेपछि मात्र योजना कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ ।

११. योजनाको कार्यान्वयन ऐन, नियम, आर्थिक नियम तथा अन्य प्रचलित बमोजिम उपभोक्ता समिति वा ठेक्कापट्टाबाट गरिनेछ ।

१२. प्रचलित कानून बमोजिम अनुगमन तथा मूल्यांकन तथा योजनाको जांचपास तथा फरफारक गरिनेछ ।

## भाग–३
## विविध

१३. यस कार्यविधिमा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाले गर्न सक्नेछ ।

१४. यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१५. यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**प्रमाणिकरण मितिः २०७४।११।२८**

आज्ञाले,
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत
बाणगङ्गा नगरपालिका